# Churchville-Chili Central School District

**शैक्षिक वर्ष**

*Where learning leads to a lifetime of opportunities*

## विद्यार्थीको कम्प्युटर/ट्याब्लेट सम्झौता फाराम

यस फाराममा हस्ताक्षर गरेर म, ________________________________________

***स्पष्ट अक्षरमा विद्यार्थीको पूरा नाम लेख्नुहोस्***

तल तोकिएको कम्प्युटर/ट्याब्लेटका लागि जिम्मेवार छु भन्ने कुरा बुझ्दछु र डिभाइसको मेरो प्रयोगको सम्बन्धमा निम्न सर्तहरूमा स्पष्ट रूपमा सहमत छु:

- मलाई उपलब्ध गराइएका कम्प्युटर/ट्याब्लेटका साथै कम्प्युटर/ट्याब्लेटको कुनै पनि/सबै सहायक सामग्रीहरू डिस्ट्रिक्टका सम्पत्ति हुन् र डिस्ट्रिक्टसँग जुनसुकै बेला र मलाई थाहा नदिइकनै डिभाइसको मेरो प्रयोगमा पहुँच बनाउने वा निगरानी गर्ने अधिकार हुन्छ भन्ने कुरा म बुझ्दछु र म त्यसमा सहमत छु। **डिभाइसको मेरो प्रयोगमाको सम्बन्धमा मैले गोपनीयताको कुनै पनि अपेक्षा राख्दिनँ भन्ने कुरा म बुझ्दछु।**
- मलाई राम्रो अवस्थामा भएको कम्प्युटर/ट्याब्लेटका साथै कम्प्युटर/ट्याब्लेटको कुनै पनि/सबै सहायक सामग्रीहरू उपलब्ध गराइएको छ भन्ने कुरामा म सहमत छु। यदि कम्प्युटर/ट्याब्लेट प्रोटेक्टिभ केसका साथ प्राप्त भएको थियो भने **म कम्प्युटर/ट्याब्लेटबाट प्रोटेक्टिभ केस नहटाउनका लागि सहमत छु**। म कम्प्युटर/ट्याब्लेटलाई सफा राख्न र त्यस/तिनीहरूमा स्टिकरहरू नलगाउनका लागि सहमत छु। **मेरो कारण डिभाइसमा हुने कुनै पनि क्षतिका लागि म जिम्मेवार हुनेछु भन्ने कुरा म बुझ्दछु** र कम्प्युटर/ट्याब्लेटका साथै सहायक सामग्रीहरूलाई राम्रो अवस्थामा राख्न र मेरो प्रयोगको अवधिको अन्त्यमा डिस्ट्रिक्टलाई उक्त कम्प्युटर वा ट्याब्लेट/सहायक सामग्रीहरू राम्रो अवस्थामा फिर्ता गर्न सक्दो प्रयास गर्न सहमत छु।
- म मलाई उपलब्ध गराइएको कम्प्युटर/ट्याब्लेटका साथै कुनै पनि/सबै सहायक सामग्रीहरूलाई चोरी हुनबाट जोगाउन सक्दो प्रयास गर्न सहमत छु। कम्प्युटर/ट्याब्लेटको चोरी भयो भने मैले चोरीका बारेमा स्थानीय प्रहरी विभागमा सूचित गर्न र चोरी भएको/हराएको भनेर थाहा पाएको 48 घण्टाभित्र प्रहरीमा गरिएको कुनै पनि रिपोर्टको प्रतिलिपि डिस्ट्रिक्टलाई उपलब्ध गराउन आवश्यक पर्छ भन्ने कुरा म बुझ्दछु र म यसमा सहमत छु। **मेरो डिस्ट्रिक्टलाई आवश्यक प्रहरी रिपोर्टको प्रतिलिपि प्राप्त गरेर उपलब्ध गराउन असफल भएमा डिभाइस/सहायक सामग्रीहरूको प्रतिस्थापन लागत रकम मेरो व्यक्तिगत दायित्व हुनेछ भन्ने कुरा म बुझ्दछु।**
- मलाई डिस्ट्रिक्टका नियम तथा अपेक्षाहरू (आचारसंहिता र विद्यार्थी प्रयोगको कम्प्युटरराइज सूचना स्रोत नीति (नीति नम्बर 7314) स्कुल परिसरभित्र र बाहिर म र ट्याब्लेटको प्रयोग दुवैमा लागू हुन्छन् भन्ने कुरा म बुझ्दछु र उक्त नीति, नियम र अपेक्षाहरू पालना गर्न म सहमत छु।
- म कम्प्युटर/ट्याब्लेटमा सफ्टवेयर इन्स्टल गर्न, कम्प्युटर/ट्याब्लेटको कन्फिगरेसन परिवर्तन गर्न वा यन्त्रलाई हानि पुऱ्याउन वा नष्ट गर्न वा हानिकारक गतिविधिलाई बढावा दिन सक्ने अन्य कुनै पनि तरिकाले यन्त्र प्रयोग गर्न सक्दिनँ भन्ने कुरा म बुझ्दछु र म यसमा सहमत छु।
- मैले इन्टरनेटमा पहुँच बनाउन कम्प्युटर/ट्याब्लेट प्रयोग गर्दा सबै इन्टरनेट सामग्रीहरू डिस्ट्रिक्टको बालबालिकाको इन्टरनेट सुरक्षा ऐन/इन्टरनेट सामग्री फिल्टरिङ तथा सुरक्षा नीति (नीति नम्बर 8271) अनुसार फिल्टर गरिएका छन्/गरिनेछन् र निश्चित वेबसाइटहरू ब्लक/ निषेधित गरिनेछन् भन्ने कुरा म बुझ्दछु।

- डिस्ट्रिक्टको यो कम्प्युटर/ट्याब्लेटलाई स्कुलसँग सम्बन्धित कार्यहरू गर्नका लागि उपलब्ध गराइएको हो । यस डिभाइसलाई स्कुल डिस्ट्रिक्ट बाहिर व्यक्तिगत प्रयोजनका लागि कसरी प्रयोग गरिन्छ भन्ने कुराको व्यवस्थापन गर्नु भनेको घरको कम्प्युटर र अन्य व्यक्तिगत विद्युतीय डिभाइसहरूमा जस्तै आमाबुबा/अभिभावकको एकल जिम्मेवारी हो ।
- मसँग सुरक्षा योजनामा नाम दर्ता गर्ने विकल्प छ र यस योजनाले हराएको वा बिग्रिएको डिभाइस र/वा सहायक सामग्रीहरूमा लाग्ने लागतहरू कभर गर्नमा मद्दत गर्नेछ भन्ने कुरा म बुझ्दछु । सुरक्षा योजनाको विवरण यससँगै संलग्न गरेर पठाइएको छ । सुरक्षा योजनामा सहभागी हुने वा बाहिरिने भनेर अनिवार्य रूपमा तल छनौट गर्नुपर्छ ।

---

______ **म सुरक्षा योजनामा नाम दर्ता गर्न चाहन्छु** । (Churchville-Chili Central Central School District लाई भुक्तानी हुनेगरी चेक बनाउनुहोस् ।)

**चेक भुक्तानी: $** ______ **नगद भुक्तानी: $** ______ **अनलाइन भुक्तानी: $** ________

चेक #: ________

**______ म सुरक्षा योजनामा नाम दर्ता गर्न अस्वीकार गर्छु र म कुनै पनि बिग्रिएको वा हराएको सामग्रीहरूको पूर्ण लागत कभर गर्न जिम्मेवार हुनेछु भन्ने कुरा म बुझ्दछु ।**

*कृपया सुरक्षा योजना भनेको बीमा पोलिसी जस्तै हो जसले कुनै दुर्घटना भएको खण्डमा कभरेज प्रदान गर्छ भन्ने कुरालाई ध्यानमा राख्नुहोस् । यदि कुनै घटना घट्यो र तपाईंसँग कभरेज छैन भने तपाईंले आफ्नो निर्णय परिवर्तन गरेर पछिको समयमा योजना खरिद गर्न सक्नुहुन्न ।

---

विद्यार्थीको हस्ताक्षर: ____________________________________ ग्रेड: ___________________

आमा वा बुबा/अभिभावकको नाम (स्पष्ट अक्षरमा पूरा नाम): _____________ मिति: ______________

आमा वा बुबा/अभिभावकको हस्ताक्षर: _____________________________________________

---

***<District Use Only>***

**Chromebook CCCSD#** ____________________ Return by Date: ______________

*Chromebook Condition*

☐ NEW ☐ USED

*Condition noted:*

| |
|---|
| |

**Student Signature:** ______________________________ **Date:** _______________